# आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम

मुलुकमा संघीयताको कार्यान्वयन सँगै स्थापना भएका स्थानीय सरकारको रुपमा यो गाउँपालिकाले विभिन्न क्षेत्रबाट आवश्यक राय सल्लाह सुझाब लिदै चौथो आ.व. को पाँचौ बजेट कार्यक्रम तर्जुमा गर्न लागिरहेका छौं । हिमाली गाउँपालिका र भौगोलिक विकटता रहेको यस क्षेत्रका असिमित आकांक्षा र चाहनालाई सीमीत श्रोत साधनबाट पुरा गर्न केही कठीन भएता पनि यस गाउँपालिकाको विविध क्षेत्रको विकास निर्माण लगायत संस्थागत विकास गर्न केही हदसम्म उपलब्धि हाँसिल गरिएको छ । मुलुक ३ तहको सरकारको अभ्यासमा गईरहेको अवस्थामा अन्योलता र अनुभव विहिन अवस्थाबाट शुरु गरिएका कार्यहरुले सबैको भावनालाई समेट्न नसकेता पनि आम जनमानसमा विकास निर्माण र सेवाका केही आशा र भरोसाका साथ जग स्थापना गर्ने कोशिस गरेका छौं । र

यस गाउँपालिकाको समग्र विकास गर्न भौगोलिक कठीनाई सडक पूर्वाधारको दुरावस्था हुँदा हुँदै पर्याप्त श्रोत साधनको अभावले जटीलता सिर्जना गरेको भएता पनि यही क्षेत्रमा सडक, खानेपानी, सिँचाई, भवन, पर्यटन शिक्षा जस्ता पूर्वाधार क्षेत्रमा ठुलो लगानी गरी कृषि र पर्यटन मार्फत समुन्नत गाउँपालिका बनाउन अझै पनि प्रशस्त मेहनत गर्नु पर्ने र श्रोत साधन जुटाउनु पर्ने अवस्था विद्यमान रहेकोछ ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ को दोस्रो लहर चलिरहेक अवस्थामा अचानक मिति २०७८ अषाढ १ गतेका दिन पाँचपोखरी थाङपाल गाउँपालिकामा रहेका याङग्री र लार्के खोलाको मुहान गन्छयोम्बो हिमालको फेदबाट आएको भिषण बाढी पहिरोबाट अत्याधिक वहाव बढी हाम्रो गाउँपालिका अर्न्तगतका सुनचौर, महिखर्क तासिवा, रिपार, लार्के र तिपेनी क्षेत्र सहित मेलम्ची बजार समेत डुबानमा परेको छ । साथै सोहि राती हेलम्बु गाउँपालिकामा मेलम्ची खोलामा आएको बाढीले समेत डुबानमा पर्न गएको छ ।

सोही कारणले हाम्रो गाउँपालिकाको सम्पूर्ण मेहनत यसै तर्फ केन्द्रित हुनपर्दा आ.व. २०७७/०७८ का लागि तय गरिएका नीति कार्यक्रमले लिन खोजेका केही उद्देश्य र लक्ष्यहरु ओझेलमा पर्न गएका छन् । बाढी पहिरोले भएको करोडौंको भौतिक क्षति तथा मानवीय क्षति भएको छ । उक्त बाढी पहिरोमा ज्यान गुमाउने हाम्रो गाउँपालिका र छिमेकी पालिकाहरुका नागरिक प्रति हार्दिक श्रद्धाञ्जली दिदैं घाईते प्रती सिघ्र स्वास्थ्य लाभका कामना गर्दछु । बाढी पहिरोबाट भएको क्षतिको पुर्ण तथ्याङक संकलन गरी तत्काल बाढी पिडितलाई राहत पुर्नवास तथा खाद्यान्नको लागि अल्पकालिन कार्ययोजनाहरु र दिर्घकालिन योजनाहरुमा वस्ती स्थानान्त्रण, पक्कीपुल, झोलुङगे पुल, विद्यालय, स्वास्थ्य चौकीहरुको पुर्ननिर्माण पहिलो प्राथमिकतामा राख्नु पर्ने देखिन्छ । भने तिपेनीमा संचालनमा रहेको अस्पतालमा विशेषज्ञ डाक्टर र अन्य कर्मचारीको व्यवस्था गरी गुणस्तरीय स्वास्थ्य सेवा पुर्याउन नसकिरहेको अवस्थामा महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ को संक्रमणको रोकथाम, न्यूनिकरण र बाढी पहिरो नियन्त्रण गर्न हामीलाई अत्यन्त कठीन भएको छ । यद्यपि आम नागरिक, जनप्रतिनिधी, राजनीतिक पाटी, कर्मचारी र संघ संस्थाहरुको सौहार्दपुर्ण सहयोग र आत्मिय भावनाले गर्दा यस क्षेत्रमा कोरोना भाइरस विरुद्ध गरिएका क्रियाकलाप र बाढी पहिरो रोकथाम तथा नियन्त्रणले सार्थकता पाएको छ ।

आ.व. २०७८/०७९ को नीति कार्यक्रम बजेट तर्जुमा गर्दा स्थानीय समस्या, चुनौति र आवश्यकतालाई सम्वोधन र समाधान गर्ने गरी कोभिड १९ लगायत बाढी पहिरो तथा अन्य महामारी जन्य रोगलाई समेत नियन्त्रण र रोकथाम गर्ने प्रयास स्वारुप विपद् व्यवस्थापन कोष, प्रकोप व्यवस्थापन कोष निर्माण गरी बजेट कार्यक्रम तय गरिएको छ । विकास निर्माण प्रति आम नागरिकको लगाव र यस क्षेत्रको पहिलो प्राथमिकतामा रहेको सडक संरचनालाई गुणस्तरीय बनाउनु पर्ने आवश्यकता र बाध्यतालाई मध्यनजर गरी **"पाँचपोखरी थाङपाल समृद्धीको आधार -पर्यटन कृषि वन र जलाधार"** दिर्घकालीन सोचलाई पुरा गर्न यो नीति कार्यक्रम तय गरीएको छ ।

समृद्धीको बाटोमा सबै एकमत भई यस क्षेत्रको विकटता र अप्ठेरोलाई एकादेशको कहानी वनाउने गरी आगामी पुस्तालाई समुन्नत पाँचपोखरी थाङपाल गाउँपालिका हस्तान्तरण गर्नको लागी आ.व. २०७८/०७९ को नीति कार्यक्रम बजेटलाई सफल बनाउन सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्न चाहन्छौं ।

कोराना भाइरस कोभिड १९ को संकमणबाट सवैक्षेत्रमा परेको अवस्थालाई मध्यनजर गरी यस क्षेत्रमा कोभिड अस्पताल संचालन तथा विपद् व्यवस्थापनसँगै राहत, रोजगारी सिर्जना गर्ने, कृषि र पर्यटन क्षेत्रमा परेको जोखिमलाई न्यूनिकरण गर्न विशेष कार्यकम सञ्चालन गरी यस क्षेत्रका समुदायमा परेको सामाजिक तथा मनोबैज्ञानिक असरलाई सम्बोधन गर्ने गरी आ.व. २०७८/०७९ को बजेट कार्यकम तर्जुमा गर्न यो नीति तथा कार्यक्रम तय गरीएको छ ।

**आदरणीय सदस्यज्यूहरु**

अव म आगामी आ.व. को लागि बार्षिक नीति तथा कार्यकम प्रस्तुत गर्न गईरहेको छु ।

## पूर्वाधार विकास नीति

- सडक यातायात गुरुयोजना निर्माण गरी गाउँपालिका केन्द्रबाट सबै वडा कार्यालय जाने सडकलाई स्तरोन्नती गरी सबै मौसममा संचालन हुन सक्ने गरी व्यवस्था मिलाइनेछ ।
- हालसम्म सुरु गरिएका सामुदायिक भवन, ८ वटै वडा वडा कार्यालय भवन ८ वटा स्वास्थ्य चौकी भवन सम्पन्न गर्ने लक्ष्य लिईएको छ ।
- सामुदायिक भवन गुम्बा मन्दिर सिंचाई तथा खानेपानीहरुमा २० प्रतिशत अनिवार्य नगद/श्रममा आधारीत लागत साझेदारी गरिने छ ।
- बाँकी रहेका भुकम्प पिडितहरुको आवास निर्माण कार्य सम्पन्न गर्न आवश्यक पहल गरिने छ ।
- पर्यटकीय संभावन रहेका क्षेत्रहरुको पहिचान गरी पर्यटन गुरु योजना अनुरुप पुर्वाधार निर्माण गरिनेछ ।
- सबै वडा कार्यालय पुग्ने मुख्य सडक तथा अन्य सडकहरुलाई ग्राभेलिङ सहित , नाला व्यवस्थापन गरी वर्षभरी सञ्चालनमा ल्याईने छ ।
- प्रत्येक वडामा एक पार्क, एक पिकनिक स्पट र एक खेलकुद मैदानको व्यवस्था गर्न पहल गरिनेछ ।
- सबै जातजातीका धर्म अनुसार रहेका चिहान घाट मसान घाट निर्माण गरिने छ ।
- यस क्षेत्रमा अत्यावश्यक स्थानमा झोलुङ्गे पुल निर्माण कार्यलाई तिब्रता दिइनेछ ।
- भवन निर्माण गर्दा नक्सापास गर्नुपर्ने प्रावधानलाई अनिवार्य गरिनेछ ।
- भुकम्पिय जोखिमलाई मध्येनजर गर्दै भुकम्प प्रतिरोधि घर निर्माणका लागि अभिप्रेरित गर्न स्थानीय कालिगढहरुलाई तालीमको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकामा उपलब्ध विद्युतको क्षमता विस्तार गर्न तथा विद्युत नपुगेको स्थानमा विद्युतिकरण गर्न साझेदारीमा ट्रान्सफर्मर लगायत अन्य पूर्वाधार क्षमताको विकास गरिनेछ ।
- आगामी दिनमा सडक ट्र्याक ओपन गर्ने कार्यलाई निरुत्साहित गर्ने र भएका सडकको सुधार स्तरोन्नती लाई प्राथमिकता दिइनेछ ।
- सडकको गुणस्तर सुधार र स्तरोन्नतीको लागि **सडक मर्मत संभार आकस्मिक कोष** स्थापना गरी संचालनमा ल्याइनेछ ।
- "**हाम्रो सडक - हाम्रै लागि**"भन्ने अभियानका साथ सडक मापदण्डलाई पुर्ण रुपमा लागु गरिनेछ ।

- ❖ भवन निर्माण मापदण्ड लागु हुन भन्दा अघि वनेका भवनहरुको नक्सा नियमित गर्न विशेष व्यवस्था गरिनेछ ।
- ❖ उज्यालो गाउँपालिका बनाउन सडकले छोएको वस्तीहरुमा सौर्य वत्ती जडान कार्यलाई निरन्तरता दिईने छ
- ❖ सामुदायिक भवन र मठ मन्दिर गुम्वालाई निश्चित मापदण्डको आधारमा मात्र निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।
- ❖ आगामी २ वर्ष भित्र एक घर एक धारा एक मिटर जडान गरी गुणस्तरीय खानेपानीमा सबैको पहँच पुऱ्याईने छ ।
- ❖ सिंचाई र खानेपानीका लागि बृहत योजना संचालनका लागि सम्भाव्यता अध्ययन गरीनेछ ।
- ❖ परम्परागत सिंचाई कुलो खानेपानीलाई दिगो हुने गरी नियमित मर्मत सम्भार हुने व्यवस्था मिलाइनेछ ।
- ❖ खानेपानिको संरक्षण, सम्वर्द्धन र दिगो उपयोगको लागि कानून निर्माण गरिनेछ ।
- ❖ खानेपानीका मुहान पहिचान गरी दर्ता गर्ने व्यवस्था गरिने छ ।
- ❖ सार्वजनिक स्थल, सडकहरुमा जथाभावि निर्माण सामग्री राख्ने र पानी छाडने कार्यलाई नियन्त्रण गर्नेलाई दण्ड सजायको व्यवस्था गरिनेछ ।
- ❖ ठेक्का प्रक्रियाबाट संचालन भएका योजनाहरुको समयमै कार्यसम्पन्न नभए ठेकेदार कम्पनीलाई कालोसूचीमा राखी कारबाही अगाडी बढाईने छ ।
- ❖ उपभोक्ता समितिका पदाधिकारीहरु दुई कार्यकाल भन्दा बढी समितिमा नरहने व्यवस्था गरिने छ ।
- ❖ ठेक्का प्रक्रियाबाट संचालन भएका भौतिक निर्माणसँग सम्बन्धीत ठुला आयोजनाहरुका निमार्ण सामाग्रीको ल्यापटेष्ट गर्ने व्यवस्था गरिने छ ।
- ❖ सार्बजनिक स्थल(गुम्बा, मठ मन्दीर, सामुदायिक भवन खानेपानी र सिंचाई जस्ता आम सरोकार रहेका) मा आम नागरिकले १ वर्षमा २ दिन श्रम सहयोग गर्ने नीति लिईने छ ।
- ❖ संचालनमा रहेका योजना तथा कार्यक्रमहरुको बहु उद्देश्यीय सुजिश्चितता गर्न विशेष प्राथामिकता दिईने छ ।

## आर्थिक विकास नीति

- ❖ यस गाउँपालिकामा उद्योग, कलकारखाना र ठुला व्यवसाय स्थापना र सञ्चालनको लागि लगानी तथा व्यवसाय मैत्री वाताबरण तयार गरीनेछ ।
- ❖ २० देखि ४० वर्ष सम्मका वैदेशिक रोजगारीबाट फर्केर आएका व्यक्तिहरुले व्यवसाय गर्न चाहेमा यस गाउँपालिकामा लाग्ने कर र शुल्कमा शत प्रतिशत छुटको व्यवस्था गरिनेछ ।
- ❖ यस गाउँपालिकामा एक मेघावाट भन्दा कम क्षमताको जलविद्युत आयोजना सञ्चालन गर्नको लागि आवश्यक कानुन निर्माण गरिनेछ भने सो भन्दा बढी क्षमताको जलविद्युत आयोजना सञ्चालन गर्न लगानीकर्तालाई आकर्षित गरिनेछ । साथै गाउँपालिको समेत शेयर सहभागिता गरिने छ ।
- ❖ भु-उपयोग नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- ❖ सम्भाव्यताको आधारमा प्रत्येक वडालाई कृषिको विभिन्न पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।
- ❖ स्थानिय सामग्रीबाट उत्पादन हुने खाद्य पदार्थको लागि प्रोत्साहन र सहज बजारीकरणको प्रवन्ध गरिनेछ ।
- ❖ उधोग निर्माणमा त्रिपक्षिय साझेदारी कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।
- ❖ ठुला व्यवसायीहरुलाई व्याज अनुदान दिई स्थानीय कला, सीप क्षमता, जनशक्तीको प्रयोगबाट स्थानीय स्तरमा उत्पादन गरिएका बस्तुहरुलाई प्राथामिकता दिईने छ

**कृषि विकास सम्बन्धि नीतिहरुः**

- ❖ गाउँपालिकाको कृषि पशु प्रोफाइल तयार गरी विषय विज्ञ सरोकारवालाको सहभागीता र समन्वयमा कृषि विकास रणनिति तर्जुमा गरिनेछ ।
- ❖ कृषि उत्पादकत्व बृद्धी गर्न संघिय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी ठुलो परियोजना संचालन गर्ने वातावरण निर्माण गरिने छ ।
- ❖ किसानको पहिचान स्थापित गर्नको लागि कृषक परिचय पत्र वितरणको कार्यक्रम सुरुवात गरिने छ ।
- ❖ व्यवसायी कृषि फर्महरुलाई गाउँपालिकाबाट प्राविधिक सेवा उपलब्ध गराईनेछ ।
- ❖ **ARSO** नेपाल लगाएत अन्य संघ संस्थासँगको साझेदारीमा निर्माण गर्न लागेको नमूना कृषि फर्मलाई व्यवस्थित गर्न साझेदारी गरिनेछ ।
- ❖ बाँजो जग्गा प्रयोगमा ल्याई कृषि समुह, कृषि सहकारी, उद्यमीहरुलाई कृषिमा आकर्षित गर्न स्थान,बाली विशेषका आधारमा कृषि औजारमा अनुदान प्रदान गरिने व्यवस्था मिलाइनेछ ।
- ❖ **"भरिलो भकारी - कृषिमा सहकारी"**अभियान सञ्चालन गर्दै कृषि सहकारी संस्थाहरुसँग साझेदारी गरी स्थानीय विउ उत्पादन र संरक्षण कार्यक्रमको शुरुवात गरिनेछ ।
- ❖ यस गाउँपालिकाको माथिल्लो क्षेत्रहरुलाई आलु जोन क्षेत्रको रुपमा विकास गरिनेछ ।
- ❖ कृषि उत्पादनमा वढावा गर्न तथा कृषिमा हुने सम्भावित जोखिम न्युनिकरणका लागि कृषि विमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ कृषि उत्पादनलाई वजारीकरण गर्न राशानिक मल लगाएत ढुवानीलाई व्यवस्थित बनाइनेछ ।
- ❖ सम्भाव्यताको आधारमा यस पालिकाको विभिन्न क्षेत्रमा निश्चित कृषि उपज संकलन केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ
- ❖ प्रदेश सरकारसँगको साझेदारीमा कृषि एम्बुलेन्सको व्यवस्थाका लागि पहल गरिनेछ ।
- ❖ माटो परिक्षणको आधारमा सम्भाव्यता हेरी आवश्यक स्थानमा सुन्तला, कागती, जुनार,किवी, चिया, टिम्मुर, कफीको लागि लागत साझेदारीमा **"हाम्रो कृषि -हाम्रो गौरव"**भन्ने नाराका साथ कार्यक्रम सञ्चालन गरिने व्यवस्था मिलाइनेछ ।
- ❖ गाउँपालिकास्तरमा नर्सरी तथा विउविजन बैंक स्थापनाको लागि पहल गरिनेछ ।
- ❖ आवश्यकतामा आधारित रही कृषि सम्बन्धि दक्ष प्राविधिकको व्यवस्था गर्दै लागिनेछ ।
- ❖ कृषि बालीमा रासायनिक र किटनाशक औषधिको प्रयोगलाई नियन्त्रण गर्दै जैविक किटनाशक प्रविधिको प्रयोग गर्न किसानहरुलाई प्रोत्साहन गर्दै लगिनेछ ।
- ❖ कृषिमा लघुउद्यम कार्यकम सञ्चालन गरिनेछ ।
- ❖ "**किसानको हात-गाउँपालिकाको साथ"** कृषिको लागि आवश्यक पर्ने साना सिचाँई, कृषि पानी संकलन, साना पोखरी, ड्रम, स्प्रिङकल, ढिकि पम्प साथै कृषि पूर्वाधारका लागि मागमा आधारित निर्माण मर्मत सम्भार र जडानका कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ बहुमुल्य जडिबुटी धसिङग्रे तथा अर्घेलोको संरक्षण तथा त्यसको निरन्तर उपलब्धताको सुनिश्चितताको लागि झाडी सुधार , चरिचरनको वैकल्पिक व्यवस्था, तथा वृक्षारोपणलाई निरन्तरता दिईने छ ।
- ❖ स्थानीय नागरिकले पचास रोपनी भन्दा माथि जग्गामा व्यवसाय गर्ने तथा लिजमा लिई व्यवसाय गर्ने किसान (व्यावसायि) को लागि गाउँपालिकाले प्राविधिक सहयोग, विउ विजनमा आवश्यक सहगोय गर्ने व्यवस्था मिलाईने छ ।

- ❖ स्थानीय स्तरमा उत्पादन भई गाउँपालिका भित्रका सार्वजनिक निकायमा प्रयोग हुन सक्ने बस्तुहरुको प्रयोगमा पालिकाले प्रोत्साहन गर्नेछ ।

**पशुपालनः**

- ❖ प्रत्यक वडाहरुमा पशु स्वास्थ्य प्राविधिकको व्यवस्था गरी सेवा तथा परामर्श उपलब्ध गराईने छ ।
- ❖ घरपालुवा तथा सडकहरुमा छाडा छोडिएका कुकुरहरुको बन्ध्याकरण शिविर संचालन गरिने छ ।
- ❖ पशुपंक्षी विमा कार्यक्रम निरन्तरता गरिनेछ ।
- ❖ "**पशुपालनको आहार र स्याहार - आयआर्जनको आधार"**का लागि पशुपंक्षी व्यवसाय प्रवर्द्धन कोष स्थापना पशुपालन लागत खर्च कम गर्न उन्नत जातका भुइ घाँस/डाले घाँस प्रर्वद्धन तथा व्यवसायिक पशुपालन गर्न विना व्याज ऋण लगानी गर्ने कार्य आरम्भ गरिनेछ ।
- ❖ बँदेल, बाँदर नियन्त्रण कार्यक्रमलाई अध्ययन गरी अगाडी बढाईने छ । साथै नियन्त्रणका लागि अन्य बैकल्पिक खेतिको समेत अध्ययन गरिनेछ ।
- ❖ पशुजन्य रोग र महामारी नियन्त्रणको लागि आवश्यक औषधि व्यवस्थापन गर्नुका साथै पशु ल्याव सँग सम्बन्धित औजार सामाग्रीको व्यवस्था गरिनेछ ।
- ❖ डेरीबाट दुध संकलन गर्ने किसानलाई प्रति लिटर रु. २ का दरले प्रोत्साहन गरिने छ ।
- ❖ व्यसायिक बाखा, गाई, भैसी फर्म व्यवस्थित गर्नुका साथै भेडा, चौरी, पालनको लागि समेत प्रोत्साहित गरिनेछ ।

**पर्यटनः**

- ❖ विश्वका १०० औं पर्यटकिय गन्तव्यहरु मध्ये १६ औं स्थानमा पर्न सफल यस गाउँपालिकामा आउने पर्यटकको लागि सहज सूचना सम्प्रेषण र गन्तव्य पहिचान सहजिकरण गर्न Gps map Tracking को लागि कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ❖ साहसिक पर्यटनका कार्यक्रम जस्तै प्याराग्लाइडिङ, रक क्लाम्विङ र हिमाली साइकिलिङ, स्कटिङ कार्यक्रमलाई दिगो रुपमा संचालन हुने व्यवस्था मिलाइनेछ ।
- ❖ पर्यटनको लागि होम स्टे प्रवर्द्धनलाइ व्यवस्थित गरी निरन्तरता दिइनेछ ।
- ❖ पर्यटनको लागि गाउँपालिकाको प्रवेशद्धारमा निर्माण भएको सूचना केन्द्रलाई प्रविधि मैत्री र आधुनिक बनाइनेछ ।
- ❖ गाउँपालिकाभित्र रहेका देउराली ऐतिहासिक गुफा, हवेली ,मठ मन्दिर, पोखरी, ढुंगे धारा, अमिलोपानी लगाएत अन्य पर्यटकिय धार्मिक तथा साँस्कृतिक स्थलहरुको संरक्षण अध्ययन गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।
- ❖ गाउँपालिकामा यसै आ.व. मा बहुआयामिक सांस्कृतिक संग्रहालयको निर्माण थालनी गरिनेछ ।
- ❖ यस क्षेत्रलाई धार्मिक तथा आध्यात्मिक पर्यटन स्थलको रुपमा विकास गर्ने निति लिइनेछ ।
- ❖ पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न पर्यटन मैत्री पूर्वाधारको निर्माणमा जोड दिइनेछ ।
- ❖ ड्रयागन गुफा, छिम्ती र तोप्केस्योङ झरनालाई विस्तृत योजनाका साथ कार्य योजना बनाईने छ ।
- ❖ संघिय सरकार, प्रदेश सरकारको सहयोग र गाउँपालिकाको गौरवका योजनाहरुलाई पर्यटन केन्द्रको रुपमा रहेका पाँचपोखरी क्षेत्र, पेमाछल उधान केन्द्र, डुखाँङ क्षेत्र डयागन झरना, ज्वोथान, आमायाङग्री लखाङ, च्योच्यो डाँडा, लेखर्कथामडाँडा जामराङ मन्दीर, नौलिङगेश्वरी, ठुलोढुङगा क्षेत्रमा पर्यटकीय पुर्वाधारको विकास गरिने छ ।

- ❖ गाउँपालिकाको पहिचान अर्न्तराष्ट्रिय जगतमा फैलाउन पर्यटन प्रवद्धन तथा प्रविधि हस्तारणका लागि आन्तरिक तथा विदेशी शहरहरुसँग भगिनी सम्बन्ध कायम गर्न पहल गरिने छ ।
- ❖ खाल्डेखोलामा रहेको सूचना केन्द्रमा प्रति बाह्य पर्यटक रु. २०० पर्यटन शुल्क लिने गरी श्रावणबाट कार्यालय संचालन गरिने छ ।
- ❖ गाउँपालिकामा रहेका सम्पुर्ण गुम्बा, गुफा, ताल तलैया, चैत्य, स्तुपा, लहरेमाने, मठ मन्दीरहरुको अभिलेखिकरण गरिने छ ।
- ❖ अन्तरपालिका पर्यटन प्रवद्धनलाई थप व्यवस्थित गरिने छ ।

**युवा तथा खेलकुदः**

- ❖ गाउँपालिका स्तरमा एक कर्बडहल र एक रंगशाला र निर्माणको लागि संघ र प्रदेश सरकारसँग माग गरिने छ ।
- ❖ गाउँपालिकास्तरमा खुल्ला शाररिक व्ययामशाला निर्माण गरिने छ । साथै निजी क्षेत्रलाई समेत निर्माण कार्यमा प्रोत्साहन गरिने छ ।
- ❖ वडामा एक वटा खेलकुद मैदान निर्माण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
- ❖ गाउँपालिका स्तरमा विभिन्न खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।
- ❖ राष्ट्रपती रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- ❖ राष्ट्रिय, अर्न्तराष्ट्रिय ,प्रदेश स्तरीय खेलकुद प्रतियोगितामा गाउँपालिकाको प्रतिनिधित्व गरी आधिकारीक रुपमा जाने खेलाडीलाई प्रोत्साहन गरिने व्यवस्था मिलाइनेछ ।
- ❖ विद्यालय स्तर तथा स्थानीय क्लबहरुमा खेलकुद प्रतियोगिता र तालिम संचालन हुने व्यवस्था मिलाइनेछ ।
- ❖ राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक विजेता खेलाडीहरुलाई सम्मान गर्ने संस्कारको विकास गरिनेछ ।
- ❖ जनप्रतिनिधी तथा कर्मचारीबीच मैत्रिपुर्ण फुटबल, भलिबल (महिला, पुरुष) खेलकुद संचालन गरीने छ ।
- ❖ स्वयंसेवक खेलकुद प्रशिक्षकको व्यवस्था गरी विद्यालय तहमा खेलकुद कार्यक्रम संचालन गर्न प्राथमिकता दिईनेछ ।
- ❖ युवा स्वरोजगार अभिवृद्धि हुने कार्यक्रम संचालन गरिनेछ ।
- ❖ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई लक्षित गरी स्थानीय स्तरमा तालिम सिप विकास भाषा प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- ❖ वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको मनोबैज्ञानिक सामाजिक समस्यालाई न्युनिकरण गर्न परामर्श कार्यक्रम संचालन गरिनेछ ।
- ❖ नमूना युवा संसद कार्यक्रम सञ्चालन ल्याइनेछ ।

**वन, वातावरण, उर्जा तथा विपद् व्यवस्थापन नीतिः**

- ❖ गाउँपालिकालाई प्लाष्टिक निषेधित क्षेत्रको रुपमा अगाडी बढाउन विभन्नि धार्मिक क्षेत्र, पिकनिक स्पट सरकारी कार्यालय, विद्यालयहरु तथा अन्य क्षेत्रलाई कमशः प्लाष्टिक निषेधित क्षेत्र बनाइनेछ खाल्डेखोलामा यसको चेकजाँच गर्ने व्यवस्था मिलाईने छ ।
- ❖ सल्लो जातीको वनलाई प्रतिस्थापन गर्न वन कार्यालय, वन उपभोक्ता समुहहरुसँग सहकार्य गरिनेछ ।
- ❖ जडीबटी खेतीलाई प्रोत्साहित गरिने छ ।

- ❖ सडक तथा अन्य संरचना निर्माण गर्दा बढ्दै गएको भुक्ष्य नियन्त्रणको लागि बाँस निगालो अमृसो अन्य प्रजातीका विरुवाको बृक्षारोपण गरिने छ ।
- ❖ वन तथा सार्बजनिक जग्गाको अतिक्रण रोक्न स्थलगत अवलोकन चेकजाँच तथा सिमाङकन कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ वन नर्सरीको व्यवस्था गरी बृक्षारोपण कार्यक्रमलाई अगाडी बढाईने छ ।
- ❖ गाउँपालिका केन्द्र र वडा कार्यालय केन्द्रलाई वातावरण मैत्री बनाउन जनप्रतिनिधि र कर्मचारीले एक एक वटा विरुवा अनिवार्य रोप्ने व्यवस्था यसै आ.व. को प्रारम्भ मै सुरुवात गरिनेछ ।
- ❖ सामुदायिक वन उपभोक्ता समितिलाई गाउँपालिकामा अभिलेखिकरण गरिने छ ।
- ❖ प्लाष्टिक निषेध कार्यक्रम प्रभावकारी बनाउन अल्लो लगाएत अन्य बैकल्पिक सामानबाट झोला अन्य सामाग्रीको प्रबद्धन कार्यक्रम ल्याईने छ ।
- ❖ गुन्सामा सञ्चालित सरसफाई तथा फोहोर मैला व्यवस्थापन कार्यक्रमलाई थप व्यवस्थित गर्दै सबै वडामा यस्ता कार्यक्रम संचालन गरिनेछ ।
- ❖ नर्सरी व्यवस्थापन गर्दै विरुवा कलमी कार्यक्रम संचालन गरिनेछ ।
- ❖ शिशाजन्य पदार्थको फोहोरमैला व्यवस्थापनका लागि आवश्यक कार्यकम सञ्चालन गरिनेछ ।
- ❖ बाँझो र सार्वजनिक जग्गामा वृक्षारोपण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- ❖ धुवाँ रहित र विद्युतिय चुल्होको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- ❖ भुकम्प मैत्री घरहरुको निर्माण कार्यलाई अनिवार्य गर्दै लगिनेछ ।
- ❖ **“पाँचपोखरीको जलाधार - जीवन जिउने आधार”** नाराका साथ जलाधार क्षेत्रको संरक्षण, मर्मत सम्भार र सरसफाई अभियान संचालन गरिनेछ ।
- ❖ निजी वन लगाउनका लागि प्रोत्साहित गरिनेछ ।
- ❖ विपद् सम्वन्धि कार्यका लागि प्रत्येक वडामा विपद् व्यवस्थापन केन्द्रको स्थापना गरी राहत र उद्धार सामाग्रीको खरिद गरी व्यवस्थापन गरिनेछ ।
- ❖ जल उत्पन्न प्रकोपबाट हुने क्षति कम गर्न पूर्व सूचना प्रणालीलाई जोड दिईने छ ।
- ❖ विना अनुमती सार्वजनिक स्थलहरुका सडक छेउछाउमा जथाभावी ढुङगा, गिट्टी बालुवा निकाली जोखिम निम्त्याउने जोकोही व्यक्ति, कम्पनीहरुलाई दण्डनिय हुने व्यवस्था गरिनेछ ।
- ❖ वडा कार्यालयमा रहेका सम्पुर्ण सामुदायिक भवनहरु विपद्मा नागरिक वासको रुपमा प्रयोग हुने व्यवस्था मिलाईने छ ।
- ❖ विपद व्यवस्थापन सम्बन्धि रणनितिक/जलवायु अनुकुलन कार्ययोजना निर्माण गरी कार्यान्वयन हुने व्यवस्था मिलाइनेछ ।
- ❖ स्थानीय तहको जलवायु उत्थानशील योजना यसै गाउँ सभाबाट अनुमोदन गरी कार्यन्वयनमा ल्याईने छ ।
- ❖ भुगर्भ अध्ययन प्रतिवेदन र स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनामा समावेश भएका (क्याटागोरी २ मा परेका) जोखिमयुक्त बस्तीहरूको पहिचान गरि अल्पिकरण योजना सञ्चालन गरिनेछ ।
- ❖ जोखिमयुक्त क्षेत्रमा निर्देर्शित क्रियाकलाप मात्र गर्न दिईनेछ ।
- ❖ पूर्वतयारी सम्बन्धी काम, पूर्व सूचना प्रणालीको स्थापना, नमूना अभ्यास संचालन, प्रतिकार्य समिति पुर्नगठन तथा क्षमता विकास, तालिम प्रशिक्षण र उद्दार तथा राहत सामग्रीको भण्डारणको व्यवस्था मिलाईनेछ ।

- ❖ विश्वव्यापी रूपमा फैलिरहेको कोरोना महामारीबाट हुने जोखिम न्यूनिकरणको लागि तिपेनीमा रहेको अस्पताल सञ्चालनमा ल्याईने छ । साथै ८ वटै वडामा रहेको स्वास्थ्य चौकीमा पूर्व तयारीको लागि आवश्यक सामग्री व्यवस्था गरिनेछ ।
- ❖ अति संवेदनशील (क्याटागोरी ३) क्षेत्रमा परेको समुदायलाई विभिन्न सरोकारवाला निकायहरुको सहयोग लिएर बस्ती स्थानान्तणको प्रकृया अघि बढाईने छ ।
- ❖ इन्द्रवती नदी क्षेत्र र याङग्री लार्के खोलामा भएको भएका भौतिक संरचना तथा वस्तीहरु जोगाउन विशेष कार्यक्रम संचालन गरिने छ ।
- ❖ खानेपानी मुहान संरक्षण र व्यवस्थापन गर्न आवश्यक कानुन निर्माण गरिनेछ ।
- ❖ सडक र सार्वजनिक स्थलमा पशुपन्छि छाडा छोडने पशुपन्छी धनीलाई दण्ड सजाय हुने व्यवस्था गरिनेछ ।
- ❖ सामुदायिक र कवुलियती वन लाई प्रोत्साहन,संरक्षण र सर्म्बद्धन गर्ने नीति लिईनेछ ।
- ❖ प्रत्येक वडाको वस्ती टोलमा आवश्यकता अनुसार व्यवस्थित फोहोरमैला विसर्जन केन्द्रको व्यवस्था गर्दै लगिनेछ ।
- ❖ वन डढेलो लगाउने जोकोहीलाई वन ऐन अर्न्तगत भएको कारवाहीको प्रकृया अनुसार कारवाही गरिने छ ।
- ❖ सामुदायिक वन नविकरण अभियान सञ्चालन गरिने छ ।

**लक्षित वर्ग र समावेशिकरण नीतिः**

- ❖ सामाजिक कुरीति, कुप्रथा, लैंगिक हिंसा, मानव वेचविखन विरुद्ध सचेतना मुलक अभियान संचालन गरिनेछ ।
- ❖ महिलाद्धारा सञ्चालित सहकारी संस्थालाई प्रोत्साहन गरिनेछ ।
- ❖ हिंसामा परेका महिला, बालबालिकाहरुको संरक्षण गर्न साझेदारी संस्थासँग समन्वय गरी संरक्षण गरिने छ ।
- ❖ घुम्ती शिविर/घर दैलो अभियान मार्फत जेष्ठ नागरिक र अपांग परिचयपत्र वितरणलाई थप प्रभावकारी वनाइनेछ ।
- ❖ सामाजिक विकृती र विसंगती हटाउन प्रत्येक टोल वस्तिसम्म सामाजिक जागरण अभियान संचालन गरिनेछ ।
- ❖ यस क्षेत्रमा लाग्ने विभिन्न जात्रा, पर्व,मेलाहरुमा मदिराको उपयोगलाई नियन्त्रण गर्दै लगिनेछ ।
- ❖ बालबालिकाको बहुआयामिक विकासका लागि गुणस्तरीय पठन पाठनका साथै अतिरिक्त क्रियाकलापमा संचालन गर्न प्राथमिकता दिइनेछ ।
- ❖ २ वर्षभित्र बालश्रम तथा वालविबाह मुक्त गाउँपालिका घोषणा गर्न विशेष अभियान सञ्चालन गरिने छ ।
- ❖ "**जेष्ठ नागरिकको अनुभव- युवा पुस्ताका लागि गौरव"**अभियानका साथ जेष्ठ नागरिकको अनुभव आदान प्रदान सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- ❖ लक्षित समुहमा क्षामता विकास नेतृत्व विकास जस्ता चेतनामुलक कार्यक्रम संचालन गरिने छ ।
- ❖ विभिन्न किसिमका हिंसा पिडित किशोरी र महिलाको संरक्षण सम्वर्द्धन गर्न यसै आ.व. मा **लैंगिक हिंसा निवारण कोष** संचालन गरिनेछ ।
- ❖ आदिवासी जनजातीको परम्परागत सीप कलाको संरक्षण र संवर्द्धन गर्दै लगिनेछ ।
- ❖ अशाय , अशक्त नागरिकहरुलाई ह्वहिल चियर बैशाखी वितरण कार्यक्रम संचालन गरिने छ ।

- ❖ ८० वर्ष माथीका जेष्ठ नागरिक, ६५ वर्ष माथिका एकल जेष्ठ पुरुष/६५ वर्ष माथिका एकल महिला/विपन्नता भएका नागरिकहरुलाई जाडो महिनामा १/१ वटा कम्बल वितरण कार्यक्रम गरिने छ।
- ❖ क वर्गको अपांगता भएकालाई सिफारिस निशुल्क गराइने छ भने अन्य अपांगता भएका व्यक्तिलाई अपाङगता सम्बन्धी सिफारिस र व्यवसाय गर्न चाहेमा कर शुल्क समेत छुट हुने व्यवस्था मिलाइनेछ।
- ❖ आफ्ना बालवालिकाहरुलाई विद्यालयमा नियमित रुपमा नपठाउने अभिभावकहरुलाई गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट वञ्चित गरिने व्यवस्था मिलाईनेछ।
- ❖ ५० वर्ष उमेर पुगेका दलितहरुको लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रम संचालन गरिनेछ।
- ❖ यसै आ.व.मा सामाजिकरण तथा समावेशी नीतिको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- ❖ जेहेन्दार तथा आर्थिक अवस्था कमजोर भएका बालबालिकाको क्षमता अभिबृद्धिको लागि गाँउबाल संरक्षण समितिको कोष वृद्धि गरी मापदण्ड बनाई यसै आ.व. देखि छात्रवृत्ति तथा प्रोत्साहनका कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ।
- ❖ सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत वितरण गरिने छ। बैंकिङ सेवाका लागि बैंकलाई वडातहमा पुऱ्याईने कार्यलाई निरन्तरता दिईने छ।
- ❖ व्यक्तीगत घटना दर्ता प्रणाली अनलाईन प्रविधिबाट हुँदै आएकामा अझ प्रभावकारी बनाईने छ।

**शिक्षा सम्बन्धि नीतिः**

- ❖ "**आधारभुत शिक्षाको अधिकार - समुन्नत गाउँपालिकाको आधार**"लाई सार्थक बनाउन शिक्षा क्षेत्रमा पर्याप्त लगानी गरिनेछ।
- ❖ विद्यालय शिक्षकहरुलाई आधुनिक सूचना प्रविधि सम्बन्धी क्षामता अभिबृद्धी गराईने छ।
- ❖ विद्यालयमा सूचना तथा संचार प्रणालीको प्रयोग गरिने छ।
- ❖ गाउँपालिकाभित्र रहेका सामुदायिक अध्ययन केन्द्रहरुलाई अगुवा विद्यालयमा गाभि त्यहाँ रहेको पुस्तकालयको जिम्मेवारी समेत सहजकतालाई तोकिनेछ ।
- ❖ एक विद्यालय एक नर्स कार्यक्रमलाई विस्तार गरी ५ वटा विद्यालयसम्म पुऱ्याईने छ।
- ❖ एकिकरण भई खाली भएका विद्यालयहरुको संरक्षणको लागि कार्ययोजना तयार गरी लागू गरिने छ।
- ❖ स्नातकोत्तर विद्यार्थी सम्मान कार्यक्रम संचालन गरिने छ।
- ❖ ग्रामिण छात्रवृती कार्यक्रम मार्फत **टुहुरा विद्यार्थीसँग अध्यक्ष कार्यक्रम** संचालन विद्यालय शिक्षामा पहँच पुराईने छ।
- ❖ विद्यालयमा जंगफुट निषेश गरिने छ।
- ❖ निजी क्षेत्रलाई पुस्तकालय खोल्न प्रोत्साहन गरिने छ।
- ❖ शैक्षिक गुणस्तर अभिवृद्धीको लागि टिच फर नेपाल र हेल्प नेपाल सँगको साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ शिक्षाको गुणस्तर वृद्धी गर्न प्रधानाध्यापकहरु सँग कार्य सम्पादन सम्झौता गरी सोही आधारमा विद्यालयको कार्य सम्पादन मापन गरी विद्यालयमा जाने अनुदानलाई निर्धारण गरिनेछ।
- ❖ भुगोल, जनसंख्याको आधारमा तथा न्युन विद्यार्थी संख्या भएका विद्यालयहरुलाई गाभ्ने नितिलाई निरन्तरता दिइनेछ।
- ❖ वृक्षारोपण गर्ने र बगैंचाको व्यवस्था गर्ने विद्यालयलाई प्रोत्साहन गरिनेछ।
- ❖ अत्यावश्यक स्थानमा बाल विकास केन्द्रको स्थापना गरिनेछ।

- ❖ विद्यालयमा पोशाक नलगाई जाने, विद्यालय पाठ योजना नवनाउने तथा मादक पदार्थ सेवन गरी विद्यालय जाने शिक्षकलाइ कारबाही हुने व्यवस्था गरिनेछ ।
- ❖ वि.व्य.स. अध्यक्षहरुसँग नियमित अन्तरकृया र छलफल कार्यक्रम संचालनलाई निरन्तरता दिनेछ ।
- ❖ विद्यालयहरुमा नियमित स्वास्थ्य परिक्षण हुने व्यवस्था मिलाइनेछ ।
- ❖ स्थानीय पाठ्यपुस्तक लागु गर्दै विशिष्ट व्यक्तिको योगदानलाई कदर गर्दै पुस्तकमा राखिने छ ।
- ❖ स्नातकोत्तर अध्ययनरत यस पालिकामा रहेका महिलाहरुलाई समावेशीताका आधारमा अनुदान दिने व्यवस्था गरिनेछ ।
- ❖ विद्यार्थीहरुको व्यक्तित्व विकासका लागि विद्यालयहरुमा नियमित रुपमा हाजीरीजवाफ वक्तृत्वकला, निवन्ध प्रतियोगिता, गायन प्रतियोगिता संचालन हुने व्यवस्था गरिनेछ ।
- ❖ परीक्षा नतिजा र कार्यसम्पादनमा उत्कृष्ट सामुदायिक विद्यालयलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिनेछ ।
- ❖ विद्यालयहरुमा निशल्क गुणस्तरीय स्यानिटरी प्याड वितरण हुने निरन्तरता दिइनेछ ।
- ❖ सिर्जनात्मक नव प्रवर्तन गर्न विद्यार्थी र उच्च शिक्षा अध्ययन गर्ने तर आर्थीक अवस्था कमजोर भएका विद्यार्थीहरुलाइ प्रोत्साहन र छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- ❖ प्रत्येक विद्यालयहरुमा बालक्लव गठन गरी बालबालिका लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- ❖ पाँचपोखरी सिकाइ मेलालाई शैक्षिक पर्यटन अभिवृद्धी गर्ने माध्यमको रुपमा विकास गरिनेछ ।
- ❖ सामुदायिक विद्यालयको संस्थागत क्षमता विकासको लागि भौतिक सम्पत्ती अभिलेख व्यवस्थापन र लेखापालन कार्यलाई प्रशिक्षण तालिम मार्फत सुदृढीकरण गरिनेछ ।
- ❖ विद्यालयको पुस्तकालयलाई शैक्षिक क्षेत्रको रुपमा व्यवस्थित गर्दै लगिनेछ ।
- ❖ सामुदायिक विद्यालयहरुमा बालमैत्री शिक्षा प्रणाली अवलम्वन गर्न विशेष अभियान संचालन गरिनेछ ।
- ❖ विद्यालयहरुमा करेसावारी कार्यक्रम संचालन गरीनेछ ।

**स्वास्थ्य सम्बन्धि नीतिः**

- ❖ सबै वडाहरुमा बर्थिङ सेन्टरको स्थापना गरी संचालनमा आएका बर्थिङ सेन्टरको स्तरोन्नती गर्नुका साथै बर्थिङ सेन्टर सबै वडामा भएको घोषणा गरिने छ ।
- ❖ तिपेनीमा सञ्चानमा ल्याईएको १५ शैयाको अस्पताल संचालन कार्यविधि निर्माण गरी कोभिड अस्पतालको रुपमा संचालन गरिने छ ।
- ❖ कोभिड रोकथामका लागि प्रतिकार्य योजना बनाईने छ ।
- ❖ भौगोलिक कठिनाइ, जनसंख्या तथा विरामीको चापलाइ मध्येनजर गरी सामुदायिक स्वास्थ्य एकाई तथा गाउँघर क्लिनिक संचालन गरिनेछ ।
- ❖ महिला स्वास्थ्य स्वंयमसेविका क्षमता अभिवृद्धी गर्नको लागि पुनर्जागरण तालिम संचालन गरिनेछ ।
- ❖ महिला स्वास्थ्य स्वंयमसेविकाहरुलाई मासिक रु. १५ सय प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- ❖ कोरोना संक्रमणको अवस्थामा अग्रपंतिमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको लागि जोखिम भत्ता तथा विमाको व्यवस्था गरी रोग नियन्त्रणलाई प्रभावकारी बनाईने छ ।
- ❖ संस्थागत सुत्केरी गराउने आमाहरुलाई स्वास्थ्य संस्थासँग आउने जाने एम्बुलेन्सको निशुल्क सेवा उपलब्ध गराईने छ । जुन काठमाडौं रिफरको हकमा समेत लागु हुने छ ।

- ❖ ७० वर्ष माथिका जेष्ठ नागरीक, क श्रेणीका अपाङग, विधुवा महिला र विपन्न पुरुष विमारीहरुलाई निशुल्क एम्बुलेन्स सेवा दिईने छ ।
- ❖ **सुत्केरी आमासँग पोषिलो खाना उपाध्यक्ष तथा वडा महिला जनप्रतिनिधि भेटघाट कार्य**क्रम संचालन गरिने छ ।
- ❖ स्वास्थ्य चौकि भवनहरुको निर्माण र स्तरोन्नतीलाई निरन्तरता दिईनेछ ।
- ❖ पालिकाभित्र रहेका मुटु रोगी, मृगौला रोगी, क्यान्सर रोगी, मस्तष्किधात, हृदयघात जस्ता कडा रोग लागेमा उपचारका लागि रु ३० हजारका दरले आर्थिक सहयोग दिईने छ ।
- ❖ कोरोना रोग संक्रमित भई उपचारमा रहदाको क्रममा मृत्यु भएकाका परिवारलाई रु. ३० हजारसम्म आर्थिक सहयोग दिने व्यवस्था मिलाइने छ ।
- ❖ कोरोना रोग लागि आईसियुमा उपचारार्थ अति विपन्न नागरिकलाई प्रति व्यक्ति रु. २० हजार दिने व्यवस्था मिलाईने छ ।
- ❖ कोरोना भाईरस कोभिड १९ को विरुद्ध विशेष मनोसामाजिक परामर्श अभियान र स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गरिनेछ । जुन कार्यक्रम सामी परियोजन कार्यक्रम मार्फत व्यवस्था गरिने छ ।
- ❖ गाउँपालिकाका बाढी पहिरो पिडित आम नागरिकहरुलाई कोभिड १९ रोग विरुद्ध खोप लगाउनको लागि विशेष रुपमा पहल गरिनेछ ।
- ❖ कोरोना रोकथाम नियन्त्रणको लागि स्थापना गरिएको प्रकोप व्यवस्थापन कोषलाई निरन्तरता दिई बजेट विनियोजित हुने व्यवस्था मिलाइनेछ ।
- ❖ स्वास्थ्य आमा समुहको नियमित बैठक संचालन खाजा खर्चका लागि आवश्यक व्यवस्था गरिने छ ।

**सुशासन र संस्थागत सुदृढीकरण नीतिः**

- ❖ आर्थिक सुशाासन कार्यविधिलाई प्रयोगमा ल्याई भ्रष्टचार शुन्य गाउँपालिका बनाईने छ ।
- ❖ प्रशासन संयन्त्रलाई समावेशी पार्दर्शी, जवाफदेही र जनमुखी बनाईने छ ।
- ❖ लेखा प्रणालीलाई प्रभावकारी बनाउन चौमासिक रुपमा आन्तरिक लेखापरिक्षण गराई सो सुझाबको कार्यन्वयन गरिने छ ।
- ❖ कर्मचारीको कार्यसम्पादनको आधारमा कर्मचारीहरु मध्येबाट उत्कृष्ट कर्मचारीलाई पुरुस्कृत गरिने छ ।
- ❖ सेवाग्राहीलाई अतिथी देवो भःवको रुपमा लिई सेवालाई चुस्त, दुरुस्त र छिटो छरितो गरिने छ ।
- ❖ गाउँपालिकाबाट हुने सबै खाले नगद भुक्तानीलाई निरुत्साहित गर्दै बैंकिङ खाता मार्फत गरिने छ ।
- ❖ वडामा संचालन रहेको अनलाइन प्रणालीमा आधारित व्यक्तिगत घटना दर्ता प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।
- ❖ गाउँपालिकाका गतिविधी, सुचना र क्रियाकलापलाई वेभसाइट र मोवाइल एप्स मार्फत निरन्तर सार्वजनिक हुने व्यवस्था गरिनेछ ।
- ❖ गाउँपालिका कार्यालय,वडा कार्यालय,स्वास्थ्य चौकी र विद्यालयहरुमा नागरिक वडापत्र, गुनासो पेटीका र हटलाइन उजुरी प्रणालीको व्यवस्था गरिनेछ ।
- ❖ प्रत्येक महिना नियमित रुपमा कर्मचारी बैठक हुने व्यवस्था मिलाइनेछ साथै जनप्रतिनिधि र कर्मचारी बीच त्रैमासिक रुपमा अन्तरकृया हुने व्यवस्था गरिनेछ ।
- ❖ सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तर रुपमा संचालन गरिनेछ ।
- ❖ प्रत्येक चौमासिकमा गाउँपालिकाबाट भए गरेका कार्यको समीक्षा गरी गाउँपालिकाको आम्दानी खर्चलाइ वेवसाइट मार्फत सार्वजनिकिकरण हुने व्यवस्था मिलाइनेछ ।

- ❖ योजना तथा कार्यक्रमहरुको नियमित तथा नतिजामा आधारित अनुगमन गरी अनुगमन प्रतिवेदनलाइ नियमित रुपमा सार्वजनिक हुने व्यवस्था मिलाइनेछ ।
- ❖ कर्मचारी तथा जनप्रतिनिधीको क्षमता विकासलाइ तालीम प्रशिक्षण र अनुभव आदान प्रदानका कार्यक्रम संचालन गरिनेछ ।
- ❖ वडा कार्यालयहरुको संस्थागत सुदृढीकरणको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- ❖ गाउँ सभाबाट विनियोजित योजना कार्यक्रमहरुको लागि बैशाख मसान्तसम्म उपभोक्ता समिति गठन भई योजना कार्यक्रम कार्यान्वयनमा नगएमा त्यस्ता योजना कार्यक्रमको बजेट स्वतः रोक्का र फ्रिज हुने व्यवस्था गरिनेछ ।
- ❖ कर्मचारीहरुको आन्तरिक मूल्यांकन प्रणालीको विकास गरी काम र सेवाको आधारमा पुरस्कृत र दण्ड सजाय हुने व्यवस्था गरिनेछ ।
- ❖ राजश्व संकलन तथा योजना भुक्तानीलाई सफ्टवेयर प्रणालीमा आवद्ध गरी राजश्व संकलनलाइ पारदर्शी र व्यवस्थित गरिनेछ ।
- ❖ राजश्व सुधार कार्ययोजना निर्माण गरी आन्तरिक आय वृद्धिका लागि करको दायरा बढाउने व्यवस्था गरिनेछ ।
- ❖ सार्वजनिक, सरकारी,निजी तथा सामुदायिक सम्पत्तीको लगत संकलन गरी व्यवस्थित गरिनेछ ।
- ❖ गाउँपालिकाभित्र रहेका सबै सरकारी कार्यालयहरुलाई प्रविधिमैत्री बनाउन इन्टरनेट सेवालाई थप व्यवस्थित गरिने छ ।
- ❖ सरकारी कार्यालयबाट प्रवाह हुने सबैखाले सेवाको निगरानीको लागि गाउँपालिकामा सप्टवर जडान गरिने छ ।
- ❖ यस गाउँपालिका क्षेत्रमा पत्रकारीतामा स्नातक/स्नातकोत्तर उर्तिण भई यसै क्षेत्रमा कार्यरत युवा पत्रकारहरुलाई प्रोत्साहित गर्ने व्यवस्था मिलाईने छ ।
- ❖ नागरिक सहजताको लागि जिल्ला मालपोत कार्यालयसँग सहकार्य गरी भुसेवा केन्द्र संचालन गरिने छ ।
- ❖ गैरसरकारी संस्थाहरुले गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्दा अनुमति लिनुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- ❖ उपभोक्ता हक हितको संरक्षण गर्नको लागि उपभोक्ता सचेतना कार्यकम सञ्चालन गरिनेछ । वडामै गएर बैंक खाता योजनाको सम्झौता गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- ❖ रु. ३० लाख भन्दा माथीका सम्पुर्ण योजनाहरु ठेक्का प्रक्रियाबाट संचालन गर्ने व्यवस्था मिलाईने छ ।
- ❖ बजार अनुगमनलाई प्रभावकारी बनाउनको लागि वजार अनुगमन निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याइनेछ ।

**न्याय सम्पादन नीतिः**

- ❖ यसै आ.व.मा न्यायिक इजलासको व्यवस्था गरिनेछ ।
- ❖ वडा स्तरमा छिटो छरितो रुपमा विवाद मेलमिलाप मार्फत सहजिकरण गर्न मेलमिलापकर्ताको व्यवस्था गरिनेछ भने मेलमिलाप कर्ताको कामको आधारमा प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।
- ❖ मेलमिलापकर्ताको क्षमता अभिवृद्धी कार्यक्रम संचालन गरिनेछ ।
- ❖ कानूनी सचेतना अभियान संचालन गरिनेछ ।
- ❖ न्यायिक समितिलाइ व्यवस्थित रुपमा संचालन गरी न्यायिक सम्पादन कार्यलाइ सहज र छिटो छरितो वनाइनेछ ।

**राहतसँग रोजगारी नितिः**

- "**राहतका लागि रोजगार काममा हुनुपर्छ अग्रसर"**भन्ने नाराका साथ रोजगार र आयआर्जन हुने खालका विशेष आयोजना र कार्यक्रम छनौट गरी कार्यान्वयन गरिनेछ।
- न्युनतम रोजगारीको प्रत्याभुति गर्नका लागि गाउँपालिकामा सूचिकृत भएका वेरोजगार व्यक्तिहरुलाई १०० दिनको आधारभूत आयोजना संचालन गरी सबै वडाहरुमा श्रम मुलक योजना मार्फत सामुदायिक विकाससँगै सामाजिक संरक्षणको प्रत्याभूती गराईने छ।
- संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यक्रमलाई अपनत्व कायम गर्न रोजगारीको क्षेत्र विस्तार गरिनेछ।
- गाउँपालिकाबाट संचालन हुने योजनाहरुमा सूचिकृत कामदारहरुलाई पहिलो प्रथामिकता दिईने छ।
- युवा रोजगारीका लागि रुपान्त्रण पहल आयोजना संचालनलाई शसक्त रुपमा कार्यन्वयन गरिने छ।
- गाउँपालिकाबाट संचालन हुने आयोजना र कार्यक्रमहरु बढी भन्दा बढी सुचिकृत बेरोजगारहरुलाइ आवद्ध गर्ने निति अवलम्वन गरिनेछ।
- सूचिकृत बेरोजगारहरुको बैंक खाता खोल्न सहजिकरणको लागि बैंक सँग समन्वय गरी घुम्ति शिविर मार्फत बैंक खाता खोल्ने अभियान संचालन गरिनेछ।
- कोभिड १९ को कारणबाट सिर्जित गरिवि न्यूनिकरणको लागि यस्ता व्यक्तिको लगत संकलन गरी काममा आवद्ध गर्दै रोजगारी राहत कार्यक्रम सञ्चालन गरिनेछ।
- कोभिड १९ को कारणबाट वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाइ रोजगारी प्रदान गर्न उनीहरुको सीप क्षमता आवश्यकता पहिचान गरी कृषि लघुउद्यम व्यवसाय आकर्षित गर्न विशेष कार्यक्रम संचालन गरिनेछ।
- आयोजना कार्यकम छनौट र कार्यान्वयन गर्दा श्रममुलक कार्यलाई प्राथमिकता दिईनेछ।
- योजनाहरुमा साझदारी गरिने व्यवस्था लागू गरिनेछ ।

**उधोग तथा बाणिज्य**

- व्यवसाय दर्ता, नविकरण बजार अनुगमन तथा मर्यादित व्यवसाय संचालनको लागि उधोग बाणिज्य संस्थासँग सहकार्य गरिने छ।
- साना तथा मझौला उधोगहरु संचालनमा निजी क्षेत्रहरुलाई आवह्न गरिनेछ।
- शुद्ध पिउने पानी , थुक्पा, छुर्पी, खाप्सी, अचार, दुनोट उधोग जस्ता अन्य स-साना, मझौला उधोग स्थापनालाई जोड दिईने छ।

**सहाकारी तथा भुमि व्यस्थापन**

- निष्कृय रहेको सहकारीहरुलाई खारेजी प्रकृय अगाडी बढाईने छ।
- सबै कृषकहरुलाई सहकारीमा आवद्ध गराई अनुदान तथा पुँजि परिचालन सहयोग वितरणको सहकारी मार्फत संचालन गर्न प्रोत्साहित गरिने छ।
- सहकारीका संचालक तथा कर्मचारीको क्षामता विकासको लागि तालीम संचालन गरिने छ।
- भूउपयोग ऐन, २०७६ अनुसार गाउँपालिकाको भूउपयोग योजना सहभागीमुलक तवरले तर्जुमा गरी कार्यन्वयन गरिने छ।

- ❖ एकीकृत वस्ती र निजीघरहरू निर्माण स्वीकृती दिदाँ तोकिएको मापदण्ड र भूउपयोग ऐन बमोजिम बर्गिकृत आवासीय क्षेत्रमा मात्र दिने व्यवस्था गरिनेछ ।
- ❖ भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुलाई भूमि समस्या समाधान आयोग मार्फत जग्गा व्यवस्थापन गराउन आवश्यक पहल गरिनेछ ।
- ❖
- ❖ भूमिमा महिला किसानको स्वामित्व अभिवृद्धि गर्न गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा समिति गठन गरी अभियान गरिनेछ । र आगामी आ.व.मा कम्तिमा १५ सय परिवारको जग्गा महिला वा महिला र पुरुष दुवैको स्वामित्वमा राख्ने अभियान सञ्चालन गरिनेछ ।
- ❖ कम्तीमा ६ आना र सो भन्दा बढी आफ्नै जग्गामा सहकारी भवन निर्माण गर्ने एउटा सरकारीलाई रु. ५ लाख सम्म अनुदानको व्यवस्था गरिने छ ।
- ❖ सहकारीहरुले गरेका उदाहरणी कार्यको प्रचार प्रशार गर्नुको साथै सहकारीका आर्थिक कारोवारलाई बैकिङ प्रणालीमा गर्ने व्यवस्था मिलाईने छ ।

**गैर सरकारी संस्था**

- ❖ गाउँपालिकामा एक गैर सरकारी संस्था समन्वय कक्ष स्थापना गरी समन्वय गर्ने व्यक्ति तोकिने छ ।
- ❖ गैर सरकारी संस्थाहरुको कार्यक्रम निर्माण गर्दा गाउँपालिकाको नीति तथा कार्यक्रमले तोकेका प्राथामिकताका क्षेत्रमा रहने गरी गाउँपालिकाको प्रत्यक्ष निगरानीमा कार्यक्रम कार्यन्वयन गरिने छ ।
- ❖ गाउँपालिकाको अनुमती लिएर लिखित साझेदारी पत्रको आधारमा दोहोरोपन नआउने गरी योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था गरिने छ ।

**हार्दिक धन्यवाद सहित**
**टासी लामा**
**पाँचपोखरी थाङपाल गाउँपालिका**